नेपाल सरकार
शिक्षा, बिज्ञान तथा प्रविधी मन्त्रालय
**शिक्षा विभाग**
(आर्थिक प्रशासन शाखा)

सानोठिमी भक्तपुर
फो.न. ०१६६३३०२९

प.स. २०७४।०७५
च.न. २२६

मितिः २०७५।१।०४

**विषयः आर्थिक व्यवस्थापन सम्बन्धमा ।**

श्री जिल्ला प्रशासन कार्यालय
शिक्षा बिकास तथा समन्वय ईकाइहरु सवै ।

प्रस्तुत विषयमा नेपाल सरकार मंत्रिपरिषदको मिति २०७४।१२।२७ को निर्णयानुसार गठित जिल्ला प्रशासन कार्यालय अन्तर्गत रहने शिक्षा विकास तथा समन्वय ईकाईको आर्थिक व्यवस्थापन सम्बन्धमा माननीय मंत्रिस्तरबाट मिति २०७५।०१।०३ मा भएको निर्णय बमोजिम हुन शिक्षा, विज्ञान तथा प्रविधि मंन्त्रालय आर्थिक प्रशासन शाखाको च. न. ३४७ मिति २०७५।०१।०३ को पत्रबाट लेखी आएको हुँदा सो बमोजिम हुन निर्देशानुसार अनुरोध गर्दछु । प्राप्त पत्रको प्रतिलिपी संलग्न छ ।

**बोधार्थ**
श्री शिक्षा, बिज्ञान तथा प्रविधी मन्त्रालय
आर्थिक प्रशासन शाखा, सिंहदरवार ।
श्री क्षेत्रीय शिक्षा निर्देशनालय- सवै

..................
भगवान प्रसाद उप्रेती
प्रमुख लेखा नियन्त्रक

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
(आर्थिक प्रशासन शाखा)

फोन नं. ०१४२००३६०

पत्र संख्या:- २०७४/७५
चलानी नं.:- ३४६

सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति : २०७५/०१/०३

विषय : आर्थिक व्यवस्थापन सम्बन्धमा।

श्री शिक्षा विभाग,
सानोठिमी, भक्तपुर।

नेपाल सरकार मन्त्रिपरिषदको मिति ०७४।१२।२७ को निर्णयानुसार गठित जिल्ला प्रशासन कार्यालय अन्तर्गत रहने शिक्षा विकास तथा समन्वय इकाईहरुको आर्थिक व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम गर्ने गरी माननीय मन्त्रिस्तरबाट मिति २०७५।०१।०३ मा निर्णय भएको हुँदा सो अनुसार आवश्यक व्यवस्था हुन निर्णयानुसार अनुरोध छ।

तपसील

(क) साविक जिल्ला शिक्षा कार्यालयका जिल्ला शिक्षा अधिकारीलाई दिने निर्देशन :

१. आर्थिक वर्ष २०७४।७५ को लागि साविक जिल्ला शिक्षा अधिकारीलाई खर्च गर्न अख्तियारी प्राप्त सबै ब.उ.शि.नं./कार्यक्रमहरुको २०७४ साल चैत्र २८ गते सम्मको खर्चको आर्थिक विवरण तयार गरी जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्ने।

२. मिति २०७४ साल चैत्र २८ गते सम्मको खर्चको आन्तरिक लेखापरीक्षण गराउने।

३. मिति २०७४ साल चैत्र २८ गते सम्मका खर्चका श्रेस्ताहरु, विगत आ.व. का श्रेस्ता, कागजातहरु, बेरुजु प्रतिवेदन, बेरुजु लगत लगायतका कागजातहरु जिल्ला प्रशासन कार्यालय अन्तर्गत नवगठित शिक्षा विकास तथा समन्वय इकाइमा बुझाउने।

(ख) चालु आ.व. २०७४।७५ को बाँकी अवधिको लागि यस मन्त्रालयले गर्नुपर्ने कार्यहरु :

१. २०७४ साल चैत्र २८ गते सम्म सम्पन्न हुन बाँकी कार्यक्रम र खर्च हुन बाँकी रकम सम्बन्धित प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालयको नाममा अख्तियारी कायम हुने गरी LMBIS मा कायम गरिदिन अर्थ मन्त्रालयलाई अनुरोध गर्ने।

२. २०७४ साल चैत्र २८ गते सम्म खर्च भै बाँकी रहेको LMBIS मा कायम भएको बजेट अनुसारको कार्यक्रम संचालन गर्ने र खर्च गर्ने अख्तियारी सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई प्रदान गर्ने र सो को जानकारी गृह मन्त्रालयाई दिने। साथै खण्ड (ग) मा उल्लेखित बुँदाहरु अनुसार कार्यान्वयन गर्न प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालयलाई निर्देशन गरिदिन गृह मन्त्रालयलाई अनुरोध गर्ने।

(ग) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालयहरुले गर्नुपर्ने कार्यहरु :

१. चालु आर्थिक वर्ष २०७४।७५ को खर्च गर्ने सम्बन्धमा शिक्षा विभागबाट जारी भएका निर्देशन तथा प्रचलित निर्देशिका समेतको आधारमा २०७४।७५ को बाँकी कार्यक्रम कार्यान्वयन गर्न खर्च गर्ने।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
(आर्थिक प्रशासन शाखा)

फोन नं. ०१४२००३६०

पत्र संख्याः- २०७४/०७५
चलानी नं.:- ३४६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

२. खर्चसँग सम्बन्धित मासिक तथा वार्षिक प्रतिवेदन र तोकिएका अन्य प्रतिवेदनहरु तोकिएको म्यादभित्र नियमित रुपमा शिक्षा विभागमा पठाउने ।

३. मिति २०७४ साल चैत्र २८ गते सम्मका खर्चका श्रेस्ताहरु, विगत आ.व. हरुका आर्थिक कारोबारसँग सम्बन्धित श्रेस्ता कागजातहरु, बेरुजु प्रतिवेदन, बेरुजुको लगत लगायतका कागजातहरु साविक जिल्ला शिक्षा अधिकारीबाट बुझिलिने ।

४. प्रमुख जिल्ला अधिकारीबाट शिक्षासँग सम्बन्धित कार्यक्रम कार्यान्वयन गराउन शिक्षा विकास इकाईको प्रमुखलाई अधिकार प्रत्यायोजन गर्न उपयुक्त हुने ।

(घ) महालेखा नियन्त्रक कार्यालय मार्फत सम्बन्धित जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई हुनुपर्ने निर्देशन :

१. मिति २०७४ साल चैत्र २८ गते सम्मको साविक जिल्ला शिक्षा कार्यालयको आन्तरिक लेखापरीक्षण गरिदिने ।

२. मिति २०७४ साल चैत्र २८ गते सम्मको साविक जिल्ला शिक्षा कार्यालयको आर्थिक विवरण प्रमाणित गरिदिने ।

३. मिति २०७४ साल चैत्र २९ गतेदेखि जिल्ला शिक्षा कार्यालयको नाममा कुनै पनि खर्च रकम निकासा नगर्ने ।

४. जिल्ला शिक्षा कार्यालयलाई आ.व. २०७४।७५ को लागि अख्तियारी दिइएको मध्ये सम्पन्न हुन बाँकी कार्यक्रम र खर्च हुन बाँकी रकमको निकासा सोही बजेट उपशिर्षकमा जिल्ला प्रशासन कार्यालयको नाममा निकासा दिने ।

बोधार्थ :

श्री क्षेत्रीय शिक्षा निर्देशनालय, सबै ।

श्री जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई, सबै ।

(मुकुन्द केशरी पोखरेल)
उपसचिव (लेखा)